# स्थानीय राजपत्र


भुम्लु गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ३ संख्या ११ मिति २०७६ फाल्गुन २९ गते


## भाग २

## भुम्लु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### सल्ले, काभ्रेपलाञ्चोकको

### सूचना

भुम्लु गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

पशु विमा सम्बन्धी निर्देशिका, २०७६

प्रस्तावनाः भुम्लु गाउँपालिकाका क्षेत्र भित्र बसोबास गरि पशुपालनमा संलग्न रहेका कृषकहरुले पालि आएका पशुहरुको अचानक हुने मृत्युको क्षति बाट जोगाई आर्थिक नोक्सानी न्यूनिकरण गर्ने उद्देश्यका साथ पशु विमा गर्दा लाग्ने कुल विमाङ्क प्रिमियम (१००%) रकममा कृषकले व्यहोर्ने कुल विमाङ्क प्रिमियम रकमको १२.५% रकम अनुदान यस गाउँपालिका बाट कृषकहरुलाई अनुदान स्वरुप उपलब्ध गराई गाई भैसि बाख्रा तथा बंगुरहरुलाई विमा गरि उनिहरुको आर्थिक तथा सामाजिक हैसियत सवल तथा सक्षम बनाउन भुम्लु गाउँपालकाको तर्फबाट कुल विमाङ्क प्रिमियम रकमको १२.५% अनुदानमा पशु विमा सेवा संचालन तथा व्यवस्थापन गर्न कृषकलाई पशुपालन व्यवसायमा जोखिम बहन गर्न सक्षम बनाउन बाञ्छनीय भएकोले भुम्लु गाउँपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ बमोजिम गाउँकार्यपालिकाले यो निर्देशिका बनाई लागु गरेको छ ।

## परिच्छेद १

### १. संक्षिप्त नाम र प्रारम्भः

क. संक्षिप्त नामः यस निर्देशसकाको नाम अनुदानमा पशु विमा निर्देशिका, २०७६ रहनेछ ।

ख. यो निर्देशिका गाउँकार्यपालिका बाट स्वीकृत भएको मिति बाट लागु हुनेछ ।

### २. परिभाषाः

क. अनुदानमा पशु विमा निर्देशिका,२०७६ भन्नाले भुम्लु गाउँपालिका बाट कृषकले व्यहोर्ने कुल विमाङ्क प्रिमियम रकमको १२.५% रकमलाई जनाउनेछ ।

ख. कार्यपालिका भन्नाले भुम्लु गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयलाई जनाउनेछ ।

ग. पशु विमा भन्नाले सरकारी मान्यता प्राप्त विमा कम्पनी वा सहकारी संस्था मार्फत गरिने पशुधन सुरक्षा (लघु बिमा) कार्यक्रम मार्फत गरिने बिमा समेत जनाउनेछ ।

## परिच्छेद २

### ३. शर्त तथा भुक्तानी विधिः

१. अनुदामा पशु विमा सेवा संचालन तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत कार्यक्रम सञ्चालन तथा भुक्तानी विधिः

क. कुनै पनि कृषकको पशु ( गाई गोरु भैसि राँगा बाख्रा वोका विर भुनि र वंगुर ) मा विमा सेवा गराएको पशुको पहिचान खुल्ने पशु पहिचान पट्टा (Tag Number) सेवा प्राप्त कृषकको सम्पर्क सम्पर्क नं., सेवा उपलब्ध गराएको मिति तथा आवश्यक विवरणहरु पुर्ण रुपमा उल्लेख गरि अनुसूची १ बमोजिम पेश गर्नु पर्नेछ।

ख. पशुपालक कृषक भुम्लु गाउँपालिकाको क्षेत्रभित्रको हुनु पर्नेछ ।

ग. पूर्व विमा गरिएका पशु भएमा यो सेवा लिन पुनः नवीकरण गरेको हुनु पर्दछ ।

घ. सम्वन्धित सेवा केन्द्र तथा वडा कार्यालयको सिफारिसमा अनुदान वापतको रकम विमा कम्पनी वा सहकारी संस्थालाई भुक्तानी दिईनेछ ।

ङ. विमा गर्दा लाग्ने विमाङ्क प्रिमियम रकमको अनुदान रकम सरकारी मान्यता प्राप्त विमा कम्पनी वा सहकारी संस्था वा सूचीकृत विमा अभिकर्तालाई उपलब्ध गराईनेछ ।

च. मान्यता प्राप्त विमा कम्पनीबाट विमा अभिकर्ता तालिम लिई यस कार्यालयमा विमा अभिकर्ता सुचीकृत भएको हुनु पर्नेछ ।विमा अभिकर्ताले उक्त कार्यमा सहजिकरण गर्न सक्नेछन् ।तर विमा अभिकर्तालाई कुनै किसिमकफ आर्थिक सुविधा उपलब्ध गराईने छैन ।

छ. विमित पशुको कुनै कारण वस मृत्यु भएमा सोको जानकारी सम्वन्धित सेवा केन्द्र विमा कम्पनी तथा सहकारी र विमा अभिकर्ताले अनिवार्य रुपमा जानकारी गराउनु पर्नेछ ।

ज. विमा अनुदान सेवा उपलब्ध गराएको रकम यस कार्यालयबाट उपलब्ध गराईनेछ ।

झ. विमा अभिकर्ताले सेवा उपलब्ध गराए वापतको रकम भुक्तानी लिंदा एउटै पशुमा एक पटक भन्दा बढी सेवा पुर्याए वापतको भुक्तानि गाउँपालिका बाट गरिने छैन । तर झुक्याई भुक्तानी लिएमा नक्कली कागजात बनाई भुक्तानिका लागि पेश गरेमा सम्वन्धित पशु विमा अभिकर्ता कम्पनी तथा सहकारी संस्था स्वयम जवाफदेही हुनेछ र निज अभिकर्ता भएमा निजले पुनः कुनै पशुको विमा गरेमा भुक्तानी यस कार्यालयबाट उपलब्ध गराईने छैन साथै निजको सूचीकरण रद्ध गरी निजले पाउने भुक्तानी रोक्का राखी गाउँपालिकाको निर्यण अनुसार आवश्यक कारबाही गरिनेछ ।

ञ. विमा अनुदानको विमाङ्क प्रिमियम रकम लिदा सहकारी संस्था तथा कम्पनीले विमा गरेको १५ दिन भित्रमा यस कार्यालयमा आवश्यक कागजात सहित जानकारी गराउनु पर्नेछ ।

ट. विमा रकम दावी गर्न आउदा विमित पशुको संकेत पट्टा (Tag Number) स्पष्ट देखिने फोटो सहित आउनु पर्नेछ ।

## परिच्छेद ३

**४. कार्यक्रमको खर्चः**

क) भुम्लु गाउँपालिका भित्रका गाई/भैसी बाख्रा वंगुरमा अनुदानमा विमा सेवा संचालन कार्यको लागि आवश्यक बजेट व्यवस्था भुम्लु गाउँपालिकाले गर्नेछ ।

ख) कार्यक्रमको गाउँपालिकाको अधिकार प्राप्त अधिकारि बाट अनुगमन हुनेछ ।

**५. थपघट वा हेरफेर गर्न सक्नेः**

क) यो निर्देशिका कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी वनाउन गाउँकार्यापालिकाले आवश्यकता अनुसार यस निर्देशिका मा केहि थपघट तथा खारेज गर्न सक्नेछ ।

ख) यो निर्देशिका कार्यान्वनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँकार्यापालिकाको कार्यालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

# अनुसूची १

## भुम्लु गाउँपालका

## गाउँकार्यालयपालिकाको कार्यालय सल्ले,भुम्लु, काभ्रे

विमा प्राविधिक अभिकर्ता/सहकारी संस्था वा कम्पनीको नाम

| क स | पशु धनिको नाम थर | मिति | ठेगाना | मोबाईल नं | पशुको जात | विमा संकेत नं | पशुको रंग | कृषकको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |

............................ ............................ ............................

पेश गर्ने रुजु गर्ने प्रमाणित गर्ने

# अनुसूची २

भुम्लु गाउँपालिका

गाउँकार्यालयपालिकाको कार्यालय सल्ले,भुम्लु, काभ्रे

विमा अभिकर्ताको निवेदन ढाँचा

मितिः

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू,
भुम्लु गाउँपालिका
गाउँकार्यालयपालिकाको कार्यालय
सल्ले,भुम्लु, काभ्रे

विषयः विमा अभिकर्ता सुचिकृत हुन पाउँ ।

महोदय,

म लाई भुम्लु गाउँपालिका बाट अनुदानमा विमा सेवा संचालन सम्बन्धी अभिकर्ताको रुपमा कार्य गर्न ईच्छा भएकाले तपशिल अनुसारको कागजात राखि यो निवेदन पेश गर्दछु ।

तपसिल

१. मान्यता प्राप्त विमा कम्पनीबाट विमा अभिकर्ता तालिम लिएको प्रमाण-पत्रको प्रतिलिपि।

२. एस एल सफ एस ईई तथा जेटिए को प्रमाण पत्रको प्रतिलिपि ।
३. नेपाली नागरीकता प्रमाण पत्रको प्रतिलिपि ।

निवेदकको

नामः

दस्तखतः

ठेगानाः

मोबाईल नं.

**आज्ञाले,**
**मदन कुमार बजगाई**
**प्रमुख प्रशासकीय अधिकृत**